नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
# राष्ट्रिय युवा परिषद्
सानोठिमी, भक्तपुर, नेपाल
(.............................................. शाखा)

राष्ट्रिय युवा परिषद् नेपाल
२०७२
सानोठिमी, भक्तपुर

प.सं.: ०८०/८१
च.नं.: ४२८

मिति २०८०।१२।१५

श्री सबै महानगर/उपमहानगर/नगर तथा गाँउपालिकाहरु ।

**बिषय: उद्यमशीलता तथा वित्तिय साक्षरता (GYB/SYB) तालिमका लागी प्रस्ताव पेश गर्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय राष्ट्रिय युवा परिषदले विगत वर्षहरुदेखि १६ देखि ४० वर्षका युवाहरुलाई लक्षित गरी सहुलियतपूर्ण कर्जा सहजीकरणका लागि उद्यमशीलता तथा वित्तिय साक्षरताको आधारभूत तालिम सञ्चालन गर्दै आइरहेको छ। राष्ट्रिय युवा परिषदले विगत वर्ष देखि सहुलियतपूर्ण कर्जाका लागी ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ बमोजिम लक्षित वर्गमा कर्जा प्रवाह गर्ने प्रयोजनले उक्त कार्यविधिको प्रभावकारी कार्यान्वयन तथा कार्यक्रमको प्रभावकारीताको लागि स्थानीय तह र कुनै सम्बन्धित वाणिज्य बैंकहरु बीच त्रिपक्षीय सम्झौता गरी सहकार्य गर्दै आएको छ। यसै सन्दर्भमा यस आ.व. २०८०/०८१ को लागी त्रिपक्षीय सम्झौता र सहकार्यमा एक समुहमा ३० जना देखी ३५ जना युवाहरुको लागि ७ दिने तालिम सञ्चालन गर्न इच्छुक स्थानीय तहले तपसिल बमोजिमको भूमीकालाइ अवगत गर्दै यही मिति २०८० चैत्र ३० गतेभित्र राष्ट्रिय युवा परिषदमा प्रस्ताव पठाउनु हुन अनुरोध छ।

**तपसिल:**

**राष्ट्रिय युवा परिषदको भुमिका:**

१. तालिमको लागि आवश्यक ILO Certify प्रशिक्षकहरु खटाउने र निजहरुको पारिश्रमिक तथा तालिम सञ्चालन स्थलसम्म आतेजाते गर्दा लाग्ने दैनिक भ्रमण खर्च र यातायात (बस तथा हवाइजहाजको भाडा) खर्चको व्यवस्था गर्ने।
२. तालिमको लागि आवश्यक प्याकेज तथा मुद्रित वा इलेक्ट्रोनिक सामग्रीको व्यवस्था गर्ने।
३. उद्यमशीलता तथा वित्तिय साक्षरता (Generate your business-GYB, start your business – SYB-providedby ILO) तालिम प्याकेज अनुरुप पालिकाहरुले उपलब्ध गराएको मिति र स्थानमा तालिम सञ्चालन गर्ने।
४. तालिमको ब्यानर, प्रमाणपत्रको नमुना र तालिम सामग्रीहरुको सूची उपलब्ध गराउने।
५. सम्बन्धित स्थानीय तह र अन्य निकायहरुसँग आवश्यक समन्वय कायम गर्ने र तालिमको अनुगमन गर्ने।

शाखा अधिकृत

वेबसाईट: www.nyc.gov.np, इमेल: info@nyc.gov.np, ☎: 6630193 (फ्याक्स)
☎: 6638152 (कार्यकारी उपाध्यक्ष), ☎: 6635133 (प्रशासकीय प्रमुख) ☎: 6631276 (सहायता कक्ष)

प.सं.:
च.नं.:

स्थानीय पालिकाहरुको भूमिका:

१. युवा उद्यम प्रवर्द्धनकालागी उद्यमशिलता तथा वितीय साक्षरता तालिम कार्यक्रममा सहभागी हुन चाहने युवाहरुका लागि नागरिकताको फोटोकपी १ थान, कम्तिमा कक्षा ८ उतिर्णको प्रमाणपत्र (रिटर्नीको लागि पासपोर्ट थप सहित) उपलब्ध हुने गरी दरखास्त आव्हान गर्ने।

२. तालिम कार्यक्रमका लागि बढीमा प्रति समूह ३० देखि ३५ जना हुने गरी हल व्यवस्थापन, सहभागीका लागि स्टेशनरी, व्यानर, प्रमाणपत्र, माइक, प्रोजेक्टर लगायत तालिमका लागि आवश्यक सामग्रीहरुको व्यवस्थापन गर्ने।

३. तालिममा खाजा र स्टेशनरीको व्यवस्था गर्ने। स्थानीय तहले आवश्यकता ठानेमा सहभागीहरुको आवास, खाना तथा आतेजाते व्यवस्थापनको समेत जिम्मेवारी लिने।

४. प्रशिक्षकहरु (प्रति समुह कम्तिमा २ जना) र राष्ट्रिय युवा परिषदबाट अनुगमनका लागि आएका पदाधिकारीहरुका लागि पारिवारिक पाहुना, होमस्टे तथा कुनै तरिकाले आवास, खाजा तथा खानाको व्यवस्था गर्ने।

५. तालिम प्राप्त युवाहरुलाई व्यवसायिक परियोजना प्रस्ताव सहित बैंक तथा वित्तिय संस्थामा पठाउने।

६. स्थानीय तहमा भएका वाणिज्य बैंकसँग समन्वय गरी ऋण प्रवाह सम्बन्धमा युवाहरुलाई जानकारी दिन सहजीकरण गरिदिने व्यवस्था मिलाउने। तालिम लिएका युवालाई सहुलियतपूर्ण कर्जाका लागि ब्याजउ अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ तथा राष्ट्र बैंकले जारी गरेको निर्देशन अनुसार सहुलियतपूर्ण कर्जाको व्यवस्था गर्दा युवामा गरेको लगानी उठाउन सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरिदिने।

७. तालिम संचालन लगतै तथा तलिम पश्चातका अन्य वर्षहरुमा समेत तालिम लिएका युवाहरुको फ्लोअप गरी बार्षिक रुपमा प्रगती प्रतिवेदन राष्ट्रिय युवा परिषद् मा पठाउने।

शाखा अधिकृत

वेबसाईट: www.nyc.gov.np, इमेल: info@nyc.gov.np, ☎: 6630193 (फ्याक्स)
☎: 6638152 (कार्यकारी उपाध्यक्ष), ☎: 6635133 (प्रशासकीय प्रमुख) ☎: 6631276 (सहायता कक्ष)

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
# राष्ट्रिय युवा परिषद्
सानोठिमी, भक्तपुर, नेपाल
(.............................................. शाखा)

राष्ट्रिय युवा परिषद् नेपाल
२०७२
सानोठिमी, भक्तपुर

प.सं.:

च.नं.:

<u>बैंक तथा वित्तिय संस्थाको भूमिका:</u>

१. सहुलियतपूर्ण कर्जा र बैंकिङ प्रक्रिया विषयमा तालिम लिने युवालाई सहजीकरण तथा प्रशिक्षण दिने।

२. सहुलियतपूर्ण कर्जा प्रवाहमा तालिम प्राप्त युवाहरुलाई उच्च प्राथमिकतामा राखी परियोजना प्रस्तावका आधारमा रु.१५ लाखसम्म विना धितो र सो भन्दा माथिको ऋण प्रवाह गर्नु परेमा उद्यमी र बैंकको समझदारीमा सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने।

३. राष्ट्रिय युवा परिषदले संयोजन गरेको सररोकारवालाहरुको बैठक, भेला तथा अन्तर्क्रिया कार्यक्रममा सहभागी हुने।

नोट: पालिकाहरुले प्रस्तावनाको हार्डकपी राष्ट्रिय युवा परिषदमा र इ-कपी nycgybsyb@gmail.com वा info@nyc.gov.np मा पठाउन सक्नुहुनेछ। साथै यस उद्यमशीलता तथा वित्तिय साक्षरता (GYB/SYB) तालिम प्राप्त ५ जना युवाहरु रहेका समूहलाई युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका २०७७ वमोजिम रु ५०००००।- (अक्षरुपी पाँच लाख) मात्र को दरले परिषदवाट सहुलियत पूर्ण कर्जा उपलब्ध गराउदा प्राथमिकता दिईने व्यवस्था समेत रहेको जानकारीको लागि अनुरोध छ।

सनमाया रम्तेल
शाखा अधिकृत

वेवसाईट: www.nyc.gov.np, इमेल: info@nyc.gov.np, ☎: 6630193 (फ्याक्स)
☎: 6638152 (कार्यकारी उपाध्यक्ष), ☎: 6635133 (प्रशासकीय प्रमुख) ☎: 6631276 (सहायता कक्ष)